# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०५।११ गते

## प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिईएको ।

----------------------------------------------------------------

पालुङटार नगरपालिका, गोरखामा कार्यरत सब-इन्जिनियर(करार) सुनिल देवकोटाले भूकम्प पीडितलाई घर निर्माणको लागि प्रदान गरिने अनुदान रकमको दोस्रो किस्ता भुक्तानी दिने सिलसिलामा सिफारिस गरेबापत सेबाग्राहीसंग घुस रकम माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराबाट खटिई गएको टोलीले निजलाई रु. २५,०००/- (पच्चिस हजार) घुस रकम लिएको अवस्थामा पालुङटार नगरपालिका वडा नं. ५ स्थित विनिता होटलबाट घुस रकम सहित नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता